# चिया



## उत्पत्ति, विकास
## समस्या र समाधानका उपायहरु



- झलनाथ खनाल

# पुस्तिकाको बारेमा

चियाको उत्पत्ति आजभन्दा करिब पाँच हजार वर्ष अघि चीनमा भएको थियो । त्यसपछि करिब चार हजार वर्षसम्म चियाको उपयोग र विस्तार चीनमा मात्रै रह्यो । तर एक हजार वर्ष अघि देखि चिया चीनबाट विश्वका विभिन्न मुलुकहरुमा तिव्रताका साथ फैलिदै गएको पाईन्छ। त्यस क्रममा चिया जापान, कोरिया लगायत एशियाका धेरै देशमा फैलियो, साथै युरोप, अमेरिका, ल्याटिन अमेरिका, अफ्रिका, अष्ट्रेलियामा समेत फैलियो । आजसम्म आइपुग्दा चिया पिउने कुरा विश्व संस्कृतिको एउटा अभिन्न अङ्ग बनिसकेको छ ।

नेपालमा भने चियाको विकास सर्वप्रथम सन् १८७८ मा कर्णेल गजराज सिंह थापाले इलाम सदरमुकामको ५२ एकड जमिनमा चिया लगाएर सुरूवात गरेका थिए। त्यसको दुई वर्षपछि उनले इलामकै सोक्तिममा पनि अर्को बगान बनाए । त्यसबाट हुने आम्दानी इलामका बडाहाकिमहरूले नै जम्मा गर्दथे । त्यसपछि सिंगो राणाकाल भरि चियाको विकास र विस्तारका बारेमा कसैले सोचेन । सन् १९५० (२००७) को परिवर्तन भएपछि पनि राज्यको ध्यान चियाको विकास तिर आकर्षित भएन। सन् १९६०-१९९० (२०१७-२०४६) का बिचमा मुलुकमा राजाको पञ्चायती शासन आयो । त्यसले सन् १९६६ मा "नेपाल चिया विकास निगम" को स्थापना गर्‍यो। यो एउटा सकारात्मक कदम थियो। नेपालमा चियाको विकासका लागि राज्यले चासो लिन थालेको थियो । तर त्यो क्रम ३४ वर्षसम्म मात्र जारी रह्यो। त्यहि कालखण्डमा पनि चियाको विकास, विस्तार र बजारीकरणका बारेमा राज्यले यथोचित ध्यान दिएको होइन । आखिर सन् २००० मा आइपुग्दा नेपाल चिया विकास निगम लाई सरकारले निजीकरणको हावामा बग्दै निजी कम्पनीलाई लिजमा दिने निर्णय गर्‍यो त्यसपछि चियाको विकास र विस्तारमा राज्यले बिल्कुलै वास्ता गर्न छाड्यो ।

यद्यपि सन् १९९० को परिवर्तनपछि खुला वातावरणमा चियाको विकास र विस्तारमा म आफैले आम किसान जनतालाई उत्प्रेरित गर्ने काम गरे । साथै, किसानहरू आफै पनि जागरूक बन्न थाले । निजी क्षेत्र पनि अघि बढ्यो । त्यस बिचमा इलाम जिल्ला चिया रोपण, विकास, विस्तार र प्रशोधनमा निकै नै अघि बढ्यो । आजसम्म आइपुग्दा इलामको सूर्योदय नगरपालिकामा मात्र ५ दर्जन भन्दा बढी चिया प्रशोधन कारखानाहरु स्थापित भएका छन् । इलाम जिल्ला भरि चिया विस्तार भएको छ र विस्तारको क्रम जारी छ । पूर्वाञ्चल देखि सुदुर पश्चिमसम्म विभिन्न जिल्लामा चिया रोपण विस्तार हुँदै गईरहेको छ । आज चिया रोपण प्रति आम किसान जनताको जागरण र रुची बढ्दो अवस्थामा छ ।

चिया एउटा नगदेबाली हो । यो बिदेशी मुद्रा कमाउने बाली पनि हो । यो बाली वा कृषि उपजलाई विकास, विस्तार र बजारीकरण गर्नका निम्ति आवश्यक पर्ने पूर्वाधारहरुको अभाव, अनुसन्धानको अभाव, विक्रि केन्द्रको अभाव र बजार विविधीकरण वा अनुकूल बजारको खोजीका निम्ति राज्यको सक्रिय भूमिकाको अभावका कारण चियाको बजार विकासमा पटकपटक उतारचढाव र अवरोधहरू भोग्नु परिरहेको छ । चिया उत्पादक, उद्यमीहरू र बिक्रेताहरुका यी समस्यालाई राज्यले बेवास्ता गरेका कारण चिया किसान, उद्यमीहरू र विक्रेताहरूले कठिनाइ भोग्दै आउनु परेको छ ।

अझ पछिल्लो समयमा छिमेकी मुलुक भारतका लोकसेवा र राज्यसभाको संयुक्त अध्ययन समितिले नेपालको चियाको गुणस्तर नभएको, विषाक्त पनि रहेको र त्यसले गर्दा भारतको चियाको गुणस्तर समेतमा प्रश्न उठेको र अन्तर्राष्ट्रिय बजारमा भारतीय चियालाई बिक्री गर्न कठिनाइ भएको आरोपका साथ नेपालबाट भारतमा जाने निर्यातमा ४०% भन्दा बढी कर लगाउन सिफारिस गरेपछि नेपाली चिया उत्पादक र विक्रेताहरू समक्ष एउटा गम्भीर नकारात्मक तरङ्ग फैलियो । मैले यी घटना क्रमको संकेत निकै पहिलेदेखि पाइरहेको थिए । त्यसैले मैले संघीय प्रतिनिधिसभामा लामै समय लिएर चियाको

बारेमा आफ्नो विस्तृत प्रस्तुती गरेको थिएँ । मैले जुन सम्भावनालाई देखेर त्यो प्रस्तुति गरे । त्यसको लगत्तै भारतीय संसदको उक्त समितिले आफ्नो प्रतिवेदन भारतीय सरकार समक्ष बुझायो । त्यसबाट सृजीत तरंग पछि चिया उद्यमीहरुको एउटा प्रतिनिधिमण्डल काठमाडौंमा आयो । त्यो प्रतिनिधिमण्डललाई मैले प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष लगे । हामीले चियाको समस्याका बारेमा विस्तृत कुराकानी गर्यौं । चियाको बजारलाई विस्तृत बनाउन आग्रह पनि गर्यौं र चीनसँग वार्ता गर्नका निम्ति पनि विशेष सुझाव दियौं । मैले चीनसँग चियाको बजारका बारेमा अलग्गै पनि कुरा गरिरहेको थिएँ । त्यसैबेला नेपालका परराष्ट्रमन्त्रीको चीन भ्रमण भयो । यो भ्रमणका क्रममा दुई परराष्ट्र मन्त्रीहरूबीच पनि चियाको बजारको बारेमा कुराकानी भएको छ र नेपाली चियालाई चीनको बजार खोल्न चीनियाँ पक्ष सकारात्मक रहेको कुरा सार्वजनिक भएको छ ।

यसरी कुनै एउटा देशको बजार माथि मात्र निर्भर नभएर बिबिधिकरण गर्न सकेको खण्डमा र खासगरी चीनको बजार प्राप्त गर्न सकेको खण्डमा नेपाली चियाको भविष्य उज्ज्वल हुने कुरा निश्चित छ । हामी भारत, चीन वा अन्य कुनै पनि देश वा क्षेत्रका बजारमा आफ्नो गुणस्तरयुक्त चिया लिएर जान चाहन्छौं र लाभकारी मूल्य प्राप्त गर्न चाहन्छौं । जहाँ लाभकारी मूल्य प्राप्त हुन्छ, त्यो हाम्रो प्राथमिक छनौटको बजार बन्न स्वाभाविक हुन्छ ।

त्यसको साथसाथै चियाको गुणस्तर उन्नत बनाउनुपर्ने, अर्गानिक चिया उत्पादन गर्नुपर्ने र अन्तर्राष्ट्रिय बजारको रूचीलाई ध्यान दिनुपर्ने गम्भीर चुनौती पनि हाम्रा सामु छ । त्यसकालागि चिया उद्यमीहरूका लागि सूचना केन्द्र स्थापना गर्ने, चियामा विषादी प्रयोगलाई समाप्त पार्नुपर्ने, अर्गानिक मलको उत्पादन गर्नको लागि आफै व्यवस्था गर्नुपर्ने, चिया टिप्नेहरूलाई वैज्ञानिक टिपोटहरूको निम्ति तालिमहरू दिनुपर्ने, चाँडो भन्दा चाँडो चिया अनुसन्धान केन्द्रहरू स्थापना गर्नुपर्ने, आफ्नै नेपाली प्रजातिका चियाका विरूवाहरू विकास गर्नुपर्ने, चियाको विकासमा जनताको स्वामित्वलाई स्थापित

गर्दै लानुपर्ने, राज्यले चियाको विकासमा ठोस रूपले भूमिका खेल्नुपर्ने, चिया बिक्री केन्द्र नेपालमा नै स्थापना गर्नुपर्ने, किसानहरूले उत्पादन गरेको चियालाई न्यूनतम समर्थन मूल्य दिने व्यवस्था हुनुपर्ने जस्ता थुप्रै समस्याहरुको समाधान हुनुपर्ने हुन्छ । त्यसका लागि सबै चिया उत्पादकहरू, बगान मालिकहरु, उद्यमीहरू र तीनै तहका सरकारले गम्भीरतापूर्वक ध्यान दिनु पर्छ ।

यी कुराहरूलाई सरकारको, चिया उद्यमीहरुको र आमजनताको समेत ध्यानाकर्षण गर्ने उद्देश्यले २०७४ सालमा निर्वाचित संसदको अधिवेशन (२०७९ भाद्र) मा गरेको सम्बोधनमा मैले नेपालमा चिया उत्पादनको इतिहास, त्यसका समस्याहरू र ती समस्याहरूलाई समाधान गर्ने उपायका बारेमा विस्तृत रुपमा प्रकाश पारेको थिएँ। सो सम्बोधनको आवश्यक सम्पादन सहित बुँदागत रूपमा यो पुस्तिका छापिएको छ ।

यो पुस्तिका अहिले तपाईहरुको हातमा आइपुगेको छ । यो पुस्तिकाले विश्वमा चियाको आविष्कार, यसलाई दैनिक पेयपदार्थको रूपमा गरिएको विकास, यसको रोपणको विकास, विश्वमा चियाको फैलावट, नेपालमा चिया खेतीको सुरूवात त्यसको विकास, वर्तमान अवस्था, आजको विशिष्ट अवस्थामा नेपाली चिया उत्पादक प्रशोधक र विक्रेताहरूले भोगिरहेका समस्याहरु, राज्यले खेल्नुपर्ने भूमिका र ती सम्पूर्ण समस्याहरुको समाधानको बारेमा प्रकाश पारेको छ । यसको अध्ययन पछि तपाईंहरूका आलोचना सुझाव र टिप्पणीहरू मेरो ठेगानामा पठाउन समेत म हार्दिक आग्रह गर्दछु ।

**झलनाथ खनाल**
**पूर्वप्रधानमन्त्री**
**तथा**
**सम्मानित नेता, नेकपा (एकीकृत समाजबादी)**
**मोबाइल नः ९८५११०८१९९**
*Email: jhalanath1950@gmail.com*

# भूमिका

चिया विश्वभर उपभोग गरिने एक प्रमुख पेय पदार्थ हो । वडाहाकिम गजराज सिंह थापाले वि.सं. १९२० मा इलाममा रोपण गरेपश्चात् नेपालमा शुरूवात भएको चिया खेती हाल मुलुकका विभिन्न जिल्लाहरूमा विस्तार हुँदै गएको स्थिति छ । चियाको लागि उपयुक्त भौगोलिक तथा वातावरणीय अनुकूलता रहेको इलाम जिल्लामा अर्थोडक्स व्ल्याक टि (Orthodox Black Tea) लाई प्रवर्द्धन गरी यस क्षेत्रलाई चिया क्षेत्रको रूपमा विकास गर्न वि.सं. २०३९ मा तत्कालीन सरकारले चिया क्षेत्र घोषणा गरेको थियो भने वि.सं. २०३५ सालमा इलाममा पहिलो चिया प्रशोधन कारखाना निर्माण सम्पन्न भई प्रशोधन कार्य प्रारम्भ भएको थियो । चिया खेतीले निकै लामो वसन्तहरू पार गरिसकेको भए तापनि चियाको व्यवसायिक उत्पादनलाई निर्यात योग्य वस्तुको रूपमा विकास गर्न, अर्थोडक्स व्ल्याक टिको आन्तरिक खपत बढाउन, चियाको अध्ययन अनुसन्धानको कार्य गर्न कुनै पनि निकायले अल्पकालीन, मध्यकालीन वा दिर्घकालीन रूपमा गर्नुपर्ने सुधारका कार्यहरू गरेको पाईदैन ।

प्रस्तुत सन्दर्भमा, चिया क्षेत्रको एकीकृत एवं दिगो विकासको लागि तीन तहका सरकारबीच निजी र अन्य सम्बद्ध क्षेत्रबाट समन्वय गरी राष्ट्रिय प्राथमिकताको क्षेत्रमा समावेश गरी सुधारका समग्र पक्षमा ध्यान दिन पूर्व प्रधानमन्त्री तथा प्रतिनिधि सभाका सदस्य माननीय झलनाथ खनालले प्रतिनिधि सभामा विशेष समय लिएर पटक-पटक आफ्नो वैज्ञानिक र अनुसन्धानात्मक धारणा प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत तथ्यहरू चिया क्षेत्रको विकासको निम्ति विशेष र महत्वपूर्ण दस्तावेजको रूपमा आएको छ । यसलाई सम्पूर्ण सरोकारवालाहरूबीच पाठ्यसामग्रीको रूपमा पुऱ्याउनको निम्ति सूर्योदय नगरपालिका इच्छुक रहेको बारेमा हामीले माननीयज्यूलाई जानकारी गराएका थियौं । चिया विकासलाई गुणस्तरीय उत्पादन र बजारीकरण तथा संस्थागत

सहयोग पुऱ्याउने गरी आएका धारणाहरूलाई जस्ताको त्यस्तै प्रकाशन गर्न उहाँले सहमति जनाउनु भयो । "चिया उत्पति, विकास र वर्तमान अवस्थाका सन्दर्भमा नेपाली चियाको समस्या र समाधानका उपायहरू" नामक दस्तावेज प्रकाशन गर्नु यस नगरपालिकाको लागि गौरवको विषय भएको छ । यो चिया क्षेत्रको सुधारको निम्ति कोषेढुंगा सावित हुनेमा नगरपालिका विश्वस्त छ भने गुणस्तरीय चिया उत्पादन गर्न, चिया विकास विस्तार गर्न र सबै सरोकारवालाहरूलाई पाठ्य सामग्रीको रूपमा उपलब्ध गराउन पनि नगरपालिका इच्छुक रहेको छ ।

अन्त्यमा, जनताको सरोकारको यो विषयमा चियाको विकास र विस्तार गर्दै चिया उत्पादन, चिया उद्योग र चिया व्यवसायलाई सुदृढ बनाउनका लागि तपाईंहरूका धारणाहरू आउने अपेक्षा गर्दै लेखकप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**रण बहादुर राई सूर्योदय नगरपालिका, इलाम**
**नगर प्रमुख**
**२०७९/०७/०३**

## बिषय सूची


१. चियाको महत्व........................................................................................१
२. चियाको राजधानी - सुर्योदय    इलाम.......................................................१
३ . महत्वपूर्ण नगदे बालीको रूपमा चिया.......................................................२
४. चियाको उत्पत्ति र विकास. ......................................................................३
५. विश्वमा चियाको विस्तार..........................................................................४
६. नेपालमा चिया कहिले भित्रियो ?..............................................................५
७. चिया उत्पादनको वर्तमान क्षेत्र.................................................................६
८. नेपालमा चिया उत्पादनको मात्रा..............................................................७
९. चियाका प्रकारहरु ....................................................................................८
१०. सिँचाइको प्रबन्ध.....................................................................................८
११. चिया टिपाईका चार मौसमहरु. ...............................................................९
१२. विभिन्न सुगन्ध र स्वादका चियाहरु ........................................................९
१३. चियाको बजार.......................................................................................१०
१४. चियाको मूल्य........................................................................................११
१५. चीनमा चिया बिक्री गर्ने सम्भावना..........................................................११
१६. चियाको नेपाली ब्रान्ड ............................................................................१२
१७. चियाको अक्सन सेन्टर स्थापना...............................................................१२
१८. चिया उत्पादकहरूलाई मूल्यको सुनिश्चितता..............................................१३
१९. चिया बगान स्थापनाका फाइदाहरू ..........................................................१३
२०. विश्वको सबैभन्दा बढी पिउने पेय पदार्थको रूपमा चिया..............................१४
२१. चिया परक्षिण केन्द्र्.................................................................................१५
२२. अर्थोडक्स चिया प्रबर्द्धनको लागि बिषादी मुक्त मल....................................१६
२३. चियामा पाइने तत्वहरू ...........................................................................१६
२४. चियाका विभिन्न रूपहरू. ........................................................................१७
२५. चिया आयात र निर्यातको स्थिति.............................................................१८
२६. चियाको सस्थागत विकासको पहल...........................................................१९
२७. राजकीय क्षेत्रमा चियाको विकास.. ..........................................................१९
२८. नेपाल चिया बिकास निगमका सात बगानहरू ............................................२०
२९. चियाको विकासलाई नयाँ रूप दिन जरूरी..................................................२१
३०. साना निजी बगानहरूलाई सहुलियत.........................................................२१
३१. चिया टिप्नेहरूलाई सहुलियत..................................................................२२
३२. चिया श्रमिकहरूको संरक्षण.....................................................................२२
हामीले तुरुन्त चाल्नु पर्ने कदमहरु. .............................................................२४
सन्दर्भ सामाग्री.........................................................................................२६

## १. चियाको महत्व

- हामी प्रत्येक बिहान उठेपछि चिया पिउने गर्छौं ।
- प्रत्येक नेपालीले चिया पिउने गर्छन् ।
- विश्वभरि पनि चिया पिउने चलन व्यापक हुँदै गएको छ ।
- विहान उठेर एउटा नेपालीले अर्को नेपालीलाई "चिया पिउनु भयो ?" भनेर सोध्ने गर्छन् ।



- प्रत्येक घरमा नयाँ मानिस आएमा हामी पहिलो स्वागत नै चिया ख्वाएर गर्छौं ।
- अहिले पाँचै वटा महाद्वीपमा पिउने एउटा स्वास्थ्य पेयका रुपमा चियाको विकास भएको छ ।
- नेपालमा हिमाल, पहाड, तराई, पूर्व पश्चिम सबै तिर चिया साझा पेयको रुपमा विकसित भएको छ ।
- हामी सबै जातिका नेपाली जनता चिया पिउने गर्छौं । चिया हाम्रो साझा राष्ट्रिय पेय बनिसकेको छ ।

## २. चियाको राजधानी-सुर्योदय इलाम

- २०४६ सालको महत्वपुर्ण राजनीतिक परिवर्तन पछि म २०४८ मा इलाम १ बाट जनप्रतिनिधि भए ।
- त्यसबेला सम्म नेपालमा मुलत नेपाल चिया विकास निगम मात्र थियो । राजकीय क्षेत्रमा मात्र चिया रोपण भएको थियो । निजी क्षेत्र भर्खरै चियामा आकर्षित हुदै थियो आम किसान जनताले चिया रोपण गरि सकेका थिएनन् । त्यसपछि मैले चियाको प्रवर्द्धन र विस्तार गर्ने कुरामा लगातार जोड दिए र किसान जनतालाई

उत्पेरित गरे । गाउँगाउँमा जाँदा मेरो प्रचारको मुख्य बिषय नै चिया रोपण तर्फ जनतालाई आकर्षित गर्ने थियो ।

- त्यसपछि चिया ब्यापक रुपले विस्तार हुदैं गयो । आम रूपले किसानजनता चिया रोपण तर्फ आकर्षित हुदै गए । चिया विस्तार हुदै गयो ।
- अहिले सिङ्गो इलाम १ नै चिया बगानमा रुपान्तरण हुदैं गएको छ । मूल्य र बजारको उचित व्यवस्थापन हुने हो भने चियाको ब्यापक विस्तार अनिवार्य छ ।
- यो क्रम अहिले विस्तार हुँदै गहिरहेको छ ।



- इलाम १ मा मात्र ६५ भन्दा बढी चिया कारखानाहरु स्थापना भएका छन् । तिनीहरू मार्फत चिया प्रशोधन भैरहेको छ ।
- यसरी इलाम १ नेपालमा चियाको राजधानीका रुपमा बिकसित भएको छ ।

## ३. महत्वपूर्ण नगदे बालीको रूपमा चिया



- नेपालको कृषि उपज मध्येमा चिया बिदेशी मुद्रा कमाउने एउटा महत्वपूर्ण कृषि बालीका रूपमा बिकास गरिरहेको छ ।
- तर त्यो बाली प्रति सरकारले लगातार वेवस्था र अवहेलना गर्दै आएको छ ।
- बिगतका सरकारहरुबाट त भयो नै यो गठबन्धनको सरकारबाट पनि आवश्यक ध्यान दिने काम भएन ।

- यो महत्वपुर्ण कृषि बालीका बारेमा सरकारको नीति, कार्यक्रममा पनि उल्लेख गरिएन र बजेटमा पनि उल्लेख गरिएन ।
- यसले गर्दा इलामका चिया उत्पादकहरू र देशभरिका चिया उत्पादकहरू दुखित भएका छन् । यति महत्वपुर्ण उत्पादनका बारेमा सरकारले सविस्तार ज्ञान राख्न सक्नू पर्छ र यस्ता उपजहरूलाई प्रवर्धन गर्नका निम्ति समयोचित नीति, कार्यक्रम र बजेट समेत हुनपर्छ । नत्र राज्य र सरकारले आफ्नो कर्तव्य पूरा गर्न सक्दैनन् ।

## ४. चियाको उत्पत्ति र विकास


- चिया जसलाई भनिन्छ, त्यो बोटको नाम हो Camellia Sinensis, यो अर्थोडक्स चियाको बोटको नाम हो ।




- यो वनस्पति आजभन्दा पाँच हजार वर्षअघि (2737 BC) तत्कालिन चिनियाँ बादशाह Shen Nung बाट पत्ता लागेको हो । यसरी चियाको बिकास चीनबाट भएको हो ।
- यो शुरूमा औषधिय वनस्पतीका रूपमा प्रयोगमा आयो । त्यसले हाम्रो शरीर र स्वास्थ्यलाई हित गर्छ भन्ने प्रमाणित भयो । पछी विस्तारै पेयका पदार्थको रुपमा विकसित भयो ।
- करिब ४००० (चार हजार) वर्षसम्म यो पेय चीनमा मात्र सिमित रह्यो । चीनियाँ जनताले यसको ब्यापक प्रयोग गर्न थाले । तर विश्वमा फैलिएको थिएन ।
- यतिबेला चीनमा ठूलो क्षेत्रमा चिया बगानहरू फैलिएका छन् । विश्वको सबैभन्दा ठूलो चिया उत्पादक क्षेत्र चीन बनेको छ । अहिले विश्वमा सबैभन्दा ठूलो चिया उपभोक्ता देश पनि चीन रहेको छ र विश्वको सबै भन्दा बढी चिया निर्यातको क्षेत्र पनि चीन बनेको छ ।

## ५. विश्वमा चियाको विस्तार

- करिब एक हजार वर्षअघि चिया जापानमा पुग्यो । जापानीजहरू पनि चिया पिउन थाले । त्यसपछि जापानमा पनि चिया बगानको विकास शुरु भयो ।



- सत्रौं शताब्दी तिर चिया बेलायत र युरोपमा पुग्यो । त्यसपछि बिभिन्न युरोपेली मुलुकहरुमा चिया बगानहरू विस्तार हुन थाले ।
- उन्नाइसौं शताब्दीमा यो ब्राजील लगायतका दक्षिण अमेरिकी देशमा पुग्यो । ती देशहरुमा पनि चिया बगानहरु बिकास गर्न थाले ।
- बिसौं शताब्दीको शुरूमा अफ्रिकामा पुग्यो । त्यो महाद्वीपका दक्षिण अफ्रिका, केन्या, उगाण्डा, मलावी, तान्जानिया, जीम्वाब्वे, मोजाम्वीक जस्ता देशहरुमा फैलियो । तिनिहरूले पनि चिया उत्पादन गर्न थाले । अफ्रिकामा पनि चिया लोकप्रीय बन्दै गयो ।
- अफ्रिकाका १४ मुलुकहरूले सन् २०१७ मा मात्र ६,५४००० टन चिया उत्पादन गरेका थिए ।
- २० औं शताब्दीको दोस्रो आधामा अस्ट्रेलियामा पनि चिया विस्तार भयो र त्यहाँ पनि उत्पादन सुरू भएको छ ।
- त्यहि क्रममा ब्रिटिस इस्ट इन्डिया कम्पनिले सन् १८३१ मा भारतको अपरआसाममा चिया रोपण सुरू गर्यो ।
- सन् १८५० मा औपचारिक रूपले दार्जिलिङमा चिया बगान स्थापना भयो ।
- सन् १८६७ मा श्रीलंकाको क्याण्डीमा पहिलो ब्रिटिस व्यापारिक चिया बगान स्थापना भएको थियो । त्यस पछि श्रीलंकाले पनि चिया रोपण निक्कै ठूलो मात्रामा विस्तार गर्यो ।
- हाल श्रीलङ्काले वार्षिक ३ लाख मेट्रिक टन चिया उत्पादन गर्छ ।
- यसरी दक्षिण एसियामा चिया विस्तार ब्यापक भएको पाईन्छ ।

## ६. नेपालमा चिया कहिले भित्रियो ?



- नेपालमा जंगबहादुर कुँवरले राणाशासनको जग बसाले । उनले इलाममा आफ्ना ज्वाइँ कर्णेल गजराज सिंह थापालाई बडाहाकिम बनाएर पठाएका थिए ।
- इलामका बडाहाकिम कर्णेल गजराज सिंह थापा सन् १८७३ मा दार्जिलिङमा घुम्न गएका थिए । त्यहाँ हराभरा बगानहरू विकसित भईसकेका थिए । उनले ती कुराहरु देखे र अर्थोडक्स चिया चाख्ने मौका समेत पाए ।
- त्यसले उनलाई इलाममा चिया बगान बनाउने रहर उत्पन्न गरायो ।
- त्यसपछि योजना बनाएर उनले सन् १८७८ तिर ५२ हेक्टर जमिनमा इलाम चिया बगान बनाए । यो नेपालको पहिलो चिया बगान हो । त्यसले इलाम सदरमुकामलाई अहिले पनि सौन्दर्य प्रदान गरीरहेको छ ।
- त्यसको दुई वर्षपछि सन् १८८० मा इलामकै सोक्तिममा पनि सोक्तिम चिया बगान करिब ५२-६० हेक्टरमा स्थापना गरे । त्यसबाट जति उत्पादन भयो, त्यो दार्जिलिङ मार्फत ब्रिटिसहरूलाई बेचेर नेपालका राणा शासकहरूले फाइदा लिने मात्र काम गरिरहे ।



- त्यसपछि सिङ्गो राणा शासनकाल गयो । वि.सं. २००७ को परिवर्तन भयो तर पनि राज्यको ध्यान चिया रोपणमा आकर्षित भएन् । वि.सं. २०१७ को परिवर्तन भयो, तर आफै चियाका बारेमा शासकहरुको ध्यान ठोस रुपले जान सकेको थिएन् ।

- सन् १९६६ मा पुगेपछि भने तत्कालिन पञ्चायती सरकारले पहिलो पटक “नेपाल चिया विकास निगम” को स्थापना गर्यो । त्यसपछि राज्यले चियाको बिकासका निम्ति कम से कम सकारात्मक भूमिका खेल्न थालेको पाईन्छ ।
- सन् १९८५ मा आएपछि तत्कालिन पञ्चायति सरकारले पाँच जिल्लालाई चिया क्षेत्र घोषित गर्‍यो । त्यसपछि इलाम, झापा, पाँचथर, तेह्रथुम, धनकुटा लगाएतका क्षेत्रमा चिया विस्तारै फैलिन थाल्यो । नीजि क्षेत्र पनि यसमा आकर्षित हुन थाले ।
- सन् १९९० को परिवर्तन पछि निजी क्षेत्रमा पनि चिया बगानहरू देशका बिभिन्न जिल्लामा विस्तार गर्न थाले । तुलनात्मक रूपमा खुल्ला वातावरण पछि चियाको विस्तारमा राज्यले अझ उचाईबाट भुमिका खेल्ला भन्ने आम जनतामा अपेक्षा थियो ।




- सन् १९९३ मा चिया तथा कफी बोर्डको पनि स्थापना भयो ।
- सन् २००० मा आएपछि राष्ट्रिय चिया नीति पनि बन्यो ।
- तर सरकार र राज्यले चियाको विकास र विस्तारमा अझ उन्नत स्तरबाट जिम्मेवारी लिनुको सट्टा नव उदारवादी हावाबाट प्रभावित हुदै नेपाल चिया विकास निगमलाई समेत सन् २००० मा निजी क्षेत्रलाई लीजमा दिन पुग्यो । चियाको विकास र विस्तारका निम्ति राज्यले लिनु पर्ने जिम्मेवारीबाट राज्य आफै पन्छिन पुग्यो ।
- हाल सरकारले पर्याप्त वास्ता नगरे पनि नेपालका पूर्व देखि पश्चिम सम्म चिया रोपण भने फैलिदै गएको छ ।

## ७. चिया उत्पादनको वर्तमान क्षेत्र

- नेपालमा यतिबेला इलाम, झापा, पाँचथर, ताप्लेजुङमा चिया बगानहरु फैलिरहेका छन् ।
- यसरी नै तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङमा पनि चिया बगानहरु विस्तार गर्दैछन् ।



- मध्य नेपालका ललितपुर, सिन्धुपाल्चोक, नुवाकोट जिल्लामा पनि किसानहरुले चिया रोपण गर्दैछन् ।
- गण्डकी क्षेत्रमा कास्की, पर्वत लगायतका आठ जिल्लामा चियाको प्रयोग परिक्षण भैसकेको छ । साथै लुम्बीनी, गण्डकी क्षेत्रमा पनि चिया विस्तार गर्न सक्ने कुरा प्रमाणित भैसकेको छ । तिनीहरूमा पाल्पा, स्याङ्जा, अर्घाखाँची, बाग्लुङ, म्याग्दी, जिल्ला पनि पर्छन् ।
- सुदूरपश्चिम तिर बाजुरा र कालिकोटमा पनि चिया बगान विस्तार हुन थालेका छन् ।
- वास्तवमा सिङ्गो नेपालमा चियाको विकास र विस्तार हुन सक्छ ।
- यो Tropical / Subtropical हावापानी भएको स्थानमा हुने वनस्पति हो ।
- यो चीनको युनान प्रान्त देखि भारतको आसाम दार्जिलिङ हुँदै सिङ्गो नेपाल र त्यस भन्दा पश्चिम भारतको नैनिताल क्षेत्रसम्म खेति हुन्छ र भइरहेको पनि छ ।

## ८. नेपालमा चिया उत्पादनको मात्रा



- नेपालमा सन् १९२० मा मुश्किलले १२० हेक्टरमा चिया लगाइएको थियो ।
- अहिले १६००० हेक्टर भन्दा धेरै क्षेत्रमा चिया रोपण विस्तार भएको छ र भईरहेको छ ।
- सन् १९२० मा मुश्कीलले दुई टन चिया उत्पादन हुन्थ्यो भने अहिले बि.सं. २०७८ को तथ्याङ्क अनुसार बार्षिक २३७४५ मेट्रिक टन चिया उत्पादन हुन थालेको छ । यो बर्षै पिच्छे बृद्धि भइरहेको छ ।
- अहिले १६००० भन्दा बढी कृषक र ६० हजार भन्दा बढी श्रमिकहरु चियाको मुल्य श्रृखलामा संलग्न रहेका छन् र लाखौं किसानहरु चिया खेतिमा संलग्न भइरहेका छन् ।
- यसलाई अझै व्यापक क्षेत्रमा विस्तार गर्न सकिने सम्भावनाहरू छन् ।

## ९. चियाका प्रकारहरू

### क. अर्थोडक्स चिया



- यो १०००-२००० मिटर उच्च पहाडमा उत्पादन हुन्छ ।
- नेपालमा उत्पादन हुने यो चिया बिश्वकै उत्कृष्ट मानिन्छ ।

### ख. CTC चिया (Crush, Tear, Curl)



- यो तराई क्षेत्रमा ठूलो मात्रामा उत्पादन हुन्छ । बिशेष गरेर झापामा CTC चिया उत्पादन बढी हुने गरेको छ ।

## १०. सिंचाइको प्रबन्ध



- चियालाई पनि सिचाइको आवश्यकता पर्छ । सम्भव हुने सबै बगानहरूमा सिँचाइको प्रबन्ध गर्नुपर्छ ।
- उच्च पहाडका अर्थोडक्स बगानहरूमा सिँचाई नपुग्दा पनि काम चल्न सक्छ ।
- तर तराईका सि.टि.सि बगानहरूमा भने सिँचाई अनिवार्य जस्तै छ ।
- उपरोक्त कुरालाई ध्यानमा राखेर चिया बगानहरूलाई सिँचाइ सुविधा उपलब्ध गराउनुपर्छ । त्यसका लागि सरकारले गम्भीरतापूर्वक ध्यान दिनु पर्छ ।

## ११. चिया टिपाईका मौसमहरू

- पहिलो टिपाई मार्चको अन्त्यबाट सुरू हुन्छ र अप्रिलको अन्त्य सम्म जारी रहन्छ यो मौसमको चिया अत्यन्त उच्च गुणस्तरको मानिन्छ ।
- दोस्रो टिपाईको मौसम मे महिनाको मध्यबाट सुरू हुन्छ र दुई महिनाजति जारी रहन्छ ।
- तेस्रो टिपाई जुलाईदेखि सेप्टेम्बरको अन्तिम सम्म जारी रहन्छ ।
- चौथो टिपाईलाई अटमन टिपाई पनि भनिन्छ । यो अक्टोबरबाट सुरू हुन्छ र नवेम्बरको अन्त्य सम्म जारी रहन्छ ।

## १२. विभिन्न सुगन्ध र स्वादका चियाहरू



- चियाको आफ्नै प्राकृतिक सुगन्ध र स्वादहरु हुन्छन् । विभिन्न स्वादका चिया उत्पादन गर्न सकिन्छ ।
- त्यस्ता स्वादहरू हामी सबैले चिन्न गाह्रो हुन्छ । तर प्रत्येक चिया बगानहरूले स्वादका पारखीहरु राखेको हुन्छ । त्यस्ता पारखीहरूले यसो चाख्ने बित्तिकै कुन स्वादको र गुणस्तरको चिया हो भन्ने थाहा पाउन सक्छन् ।
- त्यस बाहेक विभिन्न खान मिल्ने फुलका सुगन्धहरू मिसाएर वा विभिन्न फलहरुका स्वादहरूलाई मिसाएर चियाका प्रकारहरु बनाउन सकिन्छ । त्यस्ता प्रकारहरु विशेष मूल्यमा बिक्री हुन्छन ।

## १३. चियाको बजार

- CTC चिया हामी पनि खपत गरिरहेका छौं र भारतीय बजारमा विक्रि पनि गरिरहेका छौं ।
- अर्थोडक्स चियाका लागि हामी भारत र युरोपेली मुलुकहरूलाई पनि उपयोग गरीरहेका छौं । तर भारत हाम्रा निम्ति सुनिश्चित र दिगो बजार बन्नु पर्ने हो तर बन्न सकेको छैन । कहिले हाम्रा चिया उत्पादकहरू समस्यामा पर्छन भन्न सकिदैन ।
- चीन, रूस र अन्य यूरोपेली मुलुकहरू हाम्रा निम्ति मत्वपुर्ण बजार हुन सक्ने देखिन्छ । तर हामी ती बजारहरूलाई उपयोग गर्न सकिरहेका छैनौं । राज्यले त्यसका निम्ति भूमिका खेल्न सकेको छैन ।
- अहिले हामी बढी मात्रामा भारतीय बजारमा निर्भर भइरहेका छौं ।
- त्यसले गर्दा हामीले उचित मूल्य पाउन सकिरहेका छैनौं । बजार विविधिकरण गर्ने हो भने नेपालको चियाले बढी मूल्य पाउने कुरा निश्चित छ ।



## ४. चियाको मूल्य

- हाम्रो अर्थोडक्स चियाको मात्र कुरा गर्दा पनि त्यो कुल उत्पादनको ९०% निर्यात भइरहेको छ ।
- त्यसबाट मात्र पनि हामीले करिब ४ अरब नेपाली रूपैयाँ बराबरको बिदेशी मुद्रा आर्जन गरिरहेका छौं ।
- कोभिडका बेलामा समेत ३ अरव ८० करोडको चिया निर्यात भएको तथ्याङ्क देखिन्छ ।
- अहिले हामी भारत तिर रू ८०० प्रति किलो सरदरमा चिया बेचिरहेका छौं तर पनि एकनास मूल्य पाइरहेका छैनौं ।
- तर पनि हामीले करिब ४ अरब बार्षिक आम्दानी गर्दै आईरहेका छौं ।
- यदि त्यही चिया चीन तिर बेच्ने हो भने ३००% बढी मूल्ये पाउने सम्भावना रहेको कुरा  बिज्ञहरूले बताउँदै आएका छन् ।
- त्यसो भयो भने त्यति नै निर्यातबाट हामी १२ अरब नेपाली रूपैया पाउन सक्छौं ।
- यो आकाश र पातलको भिन्नता हो ।
- हाम्रो सरकार किन यो बजार खोजिरहेको छैन ? सारा चिया कृषकहरु चिया उधमीहरू र चिया बिक्रेताहरू आज प्रश्न उठाइरहेका छन् ।

## १५. चीनमा चिया बिक्री गर्ने सम्भावना

- अधिकांश चिया उत्पादकहरू र चिया विक्रेताहरू चीनको बजारलाई उपयोग गर्न चाहन्छन, तर सरकारले उनीहरूलाई सहयोग गरिरहेको छैन । केही समयअघि चीनको तर्फबाट चीनियाँ राजदूतवास र नेपाली चिया उद्यमी र ब्यापारीहरू बीच कुराकानी गरेर एउटा Memorandum of Understanding (MOU) तयार पारिएको थियो ।
- त्यो MOU सहमति र सम्झौताका निम्ति परराष्ट्र मन्त्रालय पठाइयो, तर त्यस पछि कुनै प्रगति भएको छैन ।
- सरकार त्यसलाई किन अघि बढाउँदैन ? त्यो MOU परराष्ट्र मन्त्रालयको कुन दराजमा थन्किएर बसेको छ ?

- सरकारले उक्त कुरालाई गम्भीरता पूर्वक लिनुपर्छ र नेपाली चियाका निम्ति अनुकुल बजार खोज्न ठोस पहल कदमी लिन सक्नुपर्छ ।

## १६. चियाको नेपाली ब्रान्ड

- धेरै लामो समयसम्म नेपाली चियाको ब्रान्ड तयार गर्न सकिएको थिएन ।
- हाम्रो चिया भारतमा जाने, भारतले आफ्नो ब्रान्ड बनाएर विश्व बजारमा बेच्ने गरिरहेको थियो । तर अब लामो संघर्ष र हाम्रो प्रयत्नपछि हाम्रो आफ्नै Nepal Tea Quality from the Himalayas नामक नेपाली ब्रान्ड विकसित भएको छ ।
- अब नेपाली चिया हिमालयन चियाका रूपमा विश्व बजारमा पठाउन सकिने भएको छ ।
- यो राम्रो कुरा हो । यसले नेपालको चिनारीलाई चिया मार्फत विश्वमा फैलाउन मद्दत गर्नेछ । तर सरकारले यसलाई यथोचित रूपमा प्रवर्धन गर्न सकिरहेको छैन । कृषि मन्त्रालय र वाणीज्य मन्त्रालयले लिनु पर्ने पहलकदमी पनि लिन सकिरहेको छैन ।

## १७. चियाको अक्सन सेन्टर स्थापना

- भारतले सन् १८६१ मा अक्सन सेन्टर (विक्री केन्द्र) स्थापना गरेको देखिन्छ । साथै, श्रीलंकाले सन् १८६३ मा नै अक्सन सेन्टर केन्द्र स्थापना गरेको पाइन्छ ।
- तर यति मूल्यवान चिया उत्पादन गरेर पनि हाम्रो देशले अझसम्म पनि एउटा अक्सन सेन्टर (खुल्ला चिया बिक्रि केन्द्र) स्थापना गर्न सकेको छैन ।
- चिया अक्सन सेन्टर केन्द्र स्थापना नगरी बिदेशी क्रेताहरू आएर संस्थागत रूपले चिया किन्ने ठाउँ पनि हुँदैन ।
- त्यसका अभाबमा हाम्रा उत्पादक र बिक्रेताहरुले मुल्य प्रतिस्पर्धा गरेर संस्थागत रुपले बिक्रि गर्ने ठाउँ पाईरहेका छैनन् ।

- त्यसका लागि हाम्रा विक्रेताहरूले छिमेकी भारतमा गएर अक्सन गर्नुपर्ने बाध्यता छ ।
- त्यसले गर्दा हाम्रा उत्पादक र विक्रेता दुबैले उचित मूल्य पनि पाउन सकिरहेका छैनन् ।
- तुरून्त बिक्रि केन्द्र स्थापना गर्न र चिया उत्पादक र बिक्रेतालाई सहज परस्थिति बनाउन म सरकार सँग जोडदार आग्रह गर्दछु ।
- त्यसका लागि छुट्टै नियम बनाउनु जरूरी छ । त्यसले गर्दा उत्पादक, बिक्रेता र क्रेता तीनै पक्षलाई फाइदा पुगोस् । सरकारले यस सम्बन्धमा तुरुन्त कदम चाल्नुपर्छ ।

## १८. चिया उत्पादकहरुलाई मूल्यको सुनिश्चितता

- आज चियाको मुल्य अनिश्चित बनाइएको छ ।
- खासगरी साना किसान चिया उत्पादकहरूले चियाको उचित मूल्य पाइरहेका छैनन् । त्यसैले किसानहरू सरकार प्रति निरास छन् ।
- त्यो समस्यालाई हटाउनका निम्ति संघीय सरकारले अविलम्ब चिया ( अर्थोडक्स चिया) को न्यूनतम समर्थन मूल्य तोकिदिनुपर्छ, त्यसो भयो भने मात्र चिया उत्पादकहरू प्रोत्साहित हुन सक्छन् ।
- त्यसका लागि संघीय सरकारले न्यूनतम मूल्य तोक्नुका साथै सबै स्थानीय सरकारलाई निर्देशन दिनुपर्छ र देशैभरी एकरुप ढंगको मूल्य पाउने व्यवस्था गर्नुपर्छ ।

## १९. चिया बगान स्थापनाका फाइदाहरू

- चिया बगानले हाम्रा डाँडाकाँडालाई हरियालीयुक्त बनाउँछ । चिया बगानको हरियालीले माटोलाई बाँधेर राख्छ र माटो बग्नबाट र पहिरोबाट जमिनलाई बचाउँछ ।
- चिया बगानले हाम्रा डाँडाकाँडालाई सुन्दर बगैंचा जस्तै बनाउँछ, साथै, हाम्रो वातावरणलाई सफा र सुन्दर समेत बनाउँछ ।
- हामीलाई प्रचुर अक्सीजन दिन्छ, तसर्थ चिया बगानहरूले अक्सीजन उद्यानका रूपमा समेत काम गर्छन, साथै यसले कार्बन उत्सर्जनलाई घटाउँछ ।

- यसले चिया उद्यमशीलता आम जनतामा पनि बढाउँछ ।
- यसले पर्यटकहरूलाई आकर्षित गर्छ र पर्यटनीय उधोगहरुलाई विकास गर्न मदत गर्छ । आमजनताको रोजगारीमा बृद्धि गर्छ ।
- जनताको आयमा बृद्धि गर्छ ।
- स्वास्थ्यकर पेयपदार्थ उपलब्ध गराउँछ ।
- प्रत्येक वर्ष विदेशी मुद्रा पनि प्राप्त हुन्छ ।



## २०.विश्वको सबैभन्दा बढी पिउने पेय पदार्थको रूपमा चिया

- हामी विभिन्न प्रकारका पेयहरु पिउछौं ।
- हामी कोकाकोला, मिरिन्डा साथै अनेकौं जुसहरू पिउछौं ।
- हामी पानी पनि पिउछौं तर हामीले सबैभन्दा बढी पिउने पेय चहि चिया नै हो ।
- आज चिया विश्वको सबैभन्दा लोकप्रीय पेयका रुपमा विकसित भएको छ ।



## २१. चिया परक्षिण केन्द्र

- नेपालको चिया अहिले भारतमा लगेर परिक्षण गर्ने गरिन्छ ।
- नेपालमा चिया परिक्षण केन्द्र (Tea Testing Center or Tea Research Center) अझै सम्म स्थापना गर्न सकिएको छैन । बल्ल त्यस्तो केन्द्र बन्ने दिशामा गएको छ ।
- हाम्रा चियाका बोटहरू अझैपनि बिदेशी बोटहरू नै छन् । हामीले हाम्रा प्रजातिका बोटहरु विकास गर्न सकेका छैनौं ।
- प्राय देशहरूले आफ्नै प्रजातिका बोटहरू विकास गर्ने गर्छन । भारतले चियाका १२८ प्रजाति विकास गरेको छ, श्रीलंकाले ६८ प्रजाति विकास गरेको छ । तर हामी अझै सम्म बिदेशी प्रजातिका बोटहरू रोपिरहेका छौं ।
- तर अझै नेपालले आफ्नै स्थानीयकृत बोट विकास गर्न सकेको छैन । यो आफैमा विडम्वनापूर्ण कुरा छ ।
- यो चिया परिक्षण केन्द्र स्थापना भए पछि त्यसले परीक्षण, अनुसन्धान र प्रवर्धन तीनैवटा काम गर्नेछ । वास्तवमा चिया परिक्षण केन्द्र भन्दै गरिएको भएपनि यो चिया अनुसन्धान केन्द्र नै हो ।
- त्यसपछि मात्र नेपाली स्थानीयकृत चियाका बोटहरू विकास गर्न सम्भव हुनेछ ।




- इलामको सुर्योदय नगरपालिकामा चिया परिक्षण केन्द्र बन्ने प्रकृयामा छ ।
- यो केन्द्र बनाउन संघीय सरकारले ७०% र नगरपालिकाले ३०% बजेट लगानी गर्ने सहमति भएको छ ।
- त्यसलाई चालु गर्न विज्ञ र यथेष्ट बजेट संघीय सरकारले दिन जरूरी छ ।

## २२. अर्थोडक्स चिया प्रबर्द्धनको लागि विषादी मुक्त मल



- विषादी मल हाल्नाले चिया आफै विषयुक्त बन्ने खतरा हुन्छ। त्यसबाट मुक्ति पाउन अहिले अर्गानिक चिया उत्पादन गर्ने प्रयास भइरहेको छ।
- हामीले अर्गानिक चिया उत्पादन गर्न सकेको खण्डमा मात्र हाम्रो अन्तराष्ट्रिय बजार सुनिश्चित र दिगो हुन्छ।
- त्यसैले संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार, निजी क्षेत्रका उत्पादकहरू, प्रशोधकहरू र विक्रेताहरू समेत मिलेर विषादी मुक्त आधुनिक मल कारखाना स्थापना गर्नका निम्ति ठोस कदम चाल्नुपर्छ।
- यस्तो अर्गानिक मल कारखाना स्थापना गर्ने सम्बन्धमा पछिल्ला अनुसन्धानहरूलाई समेत ध्यानमा राखेर तथा सम्बन्धित बिषेशज्ञहरूसँग समेत परामर्श गरेर अघि बढनुपर्छ।
- त्यसका निम्ति सरकारल आवश्यक बजेट समेत उपलब्ध गराउन पनि ठोस मद्दत गर्नुपर्छ।
- यसमा हामीले अन्तराष्ट्रिय सहयोगहरू समेत जुटाउन प्रयत्न गर्नुपर्छ।

## २३. चियामा पाइने तत्वहरू

- चिया प्रकृतिमा पाइने एउटा विशिष्ट वनस्पति हो। यो मानिसका लागि अत्यन्त उपयोगी वनस्पतिका रूपमा स्थापित भएको छ। चियाका बारेमा धेरैवैज्ञानिक अनुसन्धानहरू भएका छन्। सधै चियाको रासायनिक संरचनाका बारेमा पनि रोचक तथ्यहरू प्रकाशमा आएका छन्।

- चियाका हरिया पातहरूमा हजारौं प्रकारका रासायनिक यौगिकहरू पाइन्छन् । त्यसैले अनुसन्धान कर्ताहरूले चियाका हरिया पातहरुलाई Master of Chemical Diversity समेत भन्ने गरेका छन् ।

Chemical Compound found in Tea




Master of Chemical Diversity

- चियामा Polyphenols, Amino Acids, Enzyms, Pigments, Carbohydrates, Methylxanthines, Minerals, Volatile Compounds जस्ता ८ प्रकारका मुख्य रासायनिक यौगिकहरू पाईन्छन् ।
- उपरोक्त सबै रासायनिक यौगिकहरू हाम्रो स्वास्थ्यका निम्ति अत्यन्तै उपयोगी तत्वहरू हुन । तिनीहरुको अलग-अलग व्याख्या पनि गर्न सकिन्छ ।
- तिनीहरु मध्ये एमिनो एसिड हाम्रो स्वास्थ्यलाई चाहिने निकै महत्वपूर्ण रासायनिक यौगिक हो । चियाका हरियो पत्तिमा Theanine, Glutamic, Asparagine र Arginine जस्ता एमिनो एसिडहरू निकै ठूलो मात्रामा पाइन्छ ।
- सामान्यत: एमिनो एसिडहरू २७ प्रकारका हुन्छन । तिनीहरू मध्ये २० वटा Proteinogenic र ६ वटा Non Proteinogenic एमिनो एसिड हुन्छन । यी सबै एमिनो एसिडहरू हाम्रो जीवनको लागि उपयोगी हुन्छन् ।
- त्यसैले चियाको पेयले मानिसको स्वास्थ्यलाई हित पुर्‍याइरहेको छ । भनिन्छ चियाको सेवनले मानिसलाई मोटो हुनबाट पनि बचाउँछ ।

## २४. चियाका विभिन्न रूपहरू

- चिया प्रशोधन कारखानाहरूले बिभिन्न रङ्गका र विभिन्न स्वादका चियाहरू उत्पादन गर्ने गर्छन, तिनीहरू निम्न बमोजिम छन् ।
- Golden Tea, White Tea, Green Tea, Black Tea, Yellow Tea, Dark Tea आदि । तिनीहरूका आ- आफ्नै स्वादहरू

हुन्छन । हामी आफुलाई मन पर्ने रङ्ग र स्वादका चियाहरू रोजेर लिन र पिउन सक्छौं ।




## २५. चिया आयात र निर्यातको स्थिति

हाम्रो उत्पादन विस्तार गरिरहेको छ तर अझै हामी चिया आयात पनि गरिरहेका छौं ।

**Import Data**

| Fiscal Year | Country | Quantity (kg) | Value In NRs. (,000) |
|---|---|---|---|
| 2021/2022 | Argentina | 9 | 8 |
| 2021/2022 | Australia | 11 | 16 |
| 2021/2022 | Canada | 7 | 15 |
| 2021/2022 | China | 66933 | 12274 |
| 2021/2022 | France | 13 | 82 |
| 2021/2022 | Germany | 7 | 8 |
| 2021/2022 | Hong Kong | 2 | 3 |
| 2021/2022 | India | 130261 | 65252 |
| 2021/2022 | Indonesia | 1 | 1 |
| 2021/2022 | Israel | 1664 | 1154 |
| 2021/2022 | Italy | 2 | 3 |
| 2021/2022 | Japan | 265 | 426 |
| 2021/2022 | Korea, Republic of | 4 | 1 |
| 2021/2022 | Kuwait | 15 | 5 |
| 2021/2022 | Malaysia | 36 | 92 |
| 2021/2022 | Malta | 1 | 1 |
| 2021/2022 | Netherlands | 2 | 3 |
| 2021/2022 | Singapore | 194 | 62 |
| 2021/2022 | South Africa | 1 | 74 |
| 2021/2022 | Spain | 8 | 3 |
| 2021/2022 | Sri Lanka | 3072 | 3589 |
| 2021/2022 | Taiwan, Province of China | 46 | 89 |
| 2021/2022 | Thailand | 1234 | 440 |
| 2021/2022 | Turkey | 3 | 14 |
| 2021/2022 | United Arab Emirates | 3 | 4 |
| 2021/2022 | United Kingdom | 3 | 12 |
| 2021/2022 | United States of America | 13 | 29 |
| 2021/2022 | Vietnam | 2 | 7 |
| **Total** | -- | 203812 | 83667 |

**Export Data**

| Fiscal Year | Country | Quantity (kg) | Value In NRs. (,000) |
|---|---|---|---|
| 2021/2022 | Australia | 3100 | 2057 |
| 2021/2022 | Austria | 170 | 871 |
| 2021/2022 | Belgium | 1384 | 568 |
| 2021/2022 | Canada | 1142 | 2625 |
| 2021/2022 | China | 6718 | 7384 |
| 2021/2022 | Czech Republic | 14687 | 26541 |
| 2021/2022 | Denmark | 947 | 3276 |
| 2021/2022 | Estonia | 66 | 17 |
| 2021/2022 | Finland | 139 | 645 |
| 2021/2022 | France | 6150 | 21188 |
| 2021/2022 | Germany | 83782 | 161031 |
| 2021/2022 | Hong Kong | 18059 | 5719 |
| 2021/2022 | Hungary | 277 | 1823 |
| 2021/2022 | India | 12096992 | 3005504 |
| 2021/2022 | Italy | 24 | 118 |
| 2021/2022 | Japan | 41912 | 45529 |
| 2021/2022 | Korea, Republic of | 58 | 439 |
| 2021/2022 | Latvia | 10 | 22 |
| 2021/2022 | Lithuania | 250 | 745 |
| 2021/2022 | Malaysia | 2334 | 1934 |
| 2021/2022 | Namibia | 180 | 23 |
| 2021/2022 | Netherlands | 5977 | 7149 |
| 2021/2022 | New Zealand | 10 | 22 |
| 2021/2022 | Norway | 170 | 1244 |
| 2021/2022 | Poland | 86 | 489 |
| 2021/2022 | Portugal | 6 | 3 |
| 2021/2022 | Qatar | 248 | 410 |
| 2021/2022 | Russia | 171277 | 83692 |
| 2021/2022 | Singapore | 18 | 358 |
| 2021/2022 | Slovakia | 203 | 1244 |
| 2021/2022 | Spain | 56 | 470 |
| 2021/2022 | Sweden | 151 | 1381 |
| 2021/2022 | Switzerland | 489 | 1615 |
| 2021/2022 | Taiwan, Province of China | 3662 | 5872 |
| 2021/2022 | Ukraine | 100 | 78 |
| 2021/2022 | United Arab Emirates | 14677 | 3104 |
| 2021/2022 | United Kingdom | 1116 | 3453 |
| 2021/2022 | United States of America | 19460 | 38543 |
| **Total** | -- | 12496087 | 3437186 |

source: Tea and Coffee Development Board

## २६. चियाको संस्थागत विकासको पहल




- चिया र कफि विकासलाई संस्थागत रूपले अघि बढाउन नेपाल सरकारले “चिया तथा कफी विकास बोर्ड” को स्थापना सन् १९९३ गरेको थियो । तर त्यस्तो संस्था बनेपछि पनि चिया र कफिका बारेमा जुन ढङ्गले अनुसन्धानात्मक र प्रवर्तनात्मक रूपले काम गर्नु पर्ने हो, त्यो भने बिल्कुलै भएको छैन ।
- त्यसलाई जुन दायित्व दिइएको छ, त्यस अनुरूप काम गर्न आवश्यक कार्यक्रम र बजेट पनि उपलब्ध गराईएको छैन । त्यसलाई आवश्यक जनशक्ति
- पनि उपलब्ध छैन । तसर्थ त्यस्ता संस्थाहरूलाई पुनर्संरचना गर्नु जरूरी देखिन्छ ।

## २७. राजकीय क्षेत्रमा चियाको विकास

- चियाको विकासका लागि पहिले राज्यले पहल गरेको थियो र नेपाल चिया विकास निगम (NTDC) गठन गरेको थियो ।
- हामीलाई थाहा छ, चिया विकास निगम सन् १९६६ मा बन्यो । त्यसले करिब ३४ वर्ष काम गर्यो । त्यसले उक्त कर्पोरिसनलाई सञ्चालन सम्म गर्ने काम गर्यो । तर त्यसले अनुसन्धान, प्रवर्तन, विकास र विस्तारका क्षेत्रमा भने केहि गर्न सकेन ।
- आखिर त्यसको राम्रोसँग समिक्षा पनि नगरिकन नै सरकारले सन् २००० मा हतारहतारमा निजीकरण गर्दै लिजमा दिने निर्णय गर्यो । यसरी चिया क्षेत्रका जनताको चाहना र आवश्यकता विपरित चिया विकासमा राज्यको दायित्वलाई अन्त्य हुन पुग्यौं ।
- त्यसपछि चियाको विकास, विस्तार र व्यवस्थापनमा राज्यको नेतृत्व र भूमिका अत्यन्त कमजोर बन्यो । अहिले राज्यलाई चियाको बारेमा कुनै वास्ता नभएको जस्तो देखिन्छ । तर राज्यले मार्गदर्शन गर्दैन, संरक्षण गर्दैन र प्रवर्धन गर्दैन भने चियाको विकास पनि सम्भव हुदैन ।

## २८. नेपाल चिया विकास निगमका सात बगानहरु

| क | चिया बगान | क्षेत्रफल |
|---|---|---|
| १. | *कन्याम* | *५३५ एकड* |
| २. | चिल्लिमकोट | १००० एकड |
| ३. | टोक्ला | ८३१ एकड |
| ४. | इलाम | १३४ एकड |
| ५. | सोक्तिम | २४० एकड |
| ६. | बर्ने | २०५४ एकड |
| ७. | वारादशी | ४०१ एकड |



## निजीकरण भएपछि यी बगानहरुको के हालत छ

१. रोजगारी निरन्तर घट्दै गएको छ,

२. श्रमिक पहिले ४०० थिए । तर अहिले घट्दै गएर ५० भन्दा कम छन्,

३. श्रमिक जनतालाई लाभ हुन छोडेको छ, ,

४. श्रमिकहरू अन्त्यमा असुरक्षित भएका छन्

५. बगानको हैसियत लगातार गिर्दै गएको छ,

६ स्याहार सुसार बिल्कुलै भईरहेको छैन,

७. स्थानीय सरकारलाई मालपोत भूमिकर पनि तिरेको छैन,

८. चिया बगान क्षेत्रमा रबर रोप्न थालिएको छ,

९. त्यसबेला NTDC सगँ भएका सामाग्रीहरु, भवनहरु, गाडीहरु अहिले बेचबिखन भइरहेका छन् ।

१०. इलामको पहिलो बगान र त्यसबेला बनेको कारखाना, त्यसको मेसिनहरु, त्यसको भवन सबै अहिले हाम्रा प्राचिन सम्पदा बनेका छन् । तर तिनीहरू प्राय: सबै ध्वस्त बनिरहेका छन् । तिनीहरूको सुरक्षाका बारेमा कसैलाई चिन्ता छैन ।

११. त्यसो हुनाले इलाम स्थित चिया कारखाना र भवनलाई चिया म्यूजियम बनाउनु जरुरी छ ।

## २९. चियाको विकासलाई नयाँ रूप दिन जरूरी

- त्यसैले यो NTDC बारेमा नयाँ स्तरमा सिंहावलोकन गर्न जरूरी छ ।
- चिया बगान इलामको एउटा सौन्दर्य र आभूषण हो ।
- त्यसैले अब केन्द्रीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, निजि चिया उत्पादक जनता र निजि क्षेत्रका उद्यमीहरू समेतको संयुक्त स्वामित्वमा यो चिया बगानलाई ल्याउनुपर्छ र यसलाई एउटा राष्ट्रिय मोडेल बगानका रुपमा विकास गर्न सक्नुपर्छ ।
- सरकारले यस बारेमा तुरून्त पुनर्विचार शुरू गर्नुपर्छ ।

## ३०. साना निजी बगानहरुलाई सहुलियत

- अहिले देशका विभिन्न भागमा साना, मझौला चिया बगानहरू ठुलै संख्यामा विकास गरिरहेका छन् ।
- तर उनीहरूले आफ्नै कारखाना विकास गर्न सकेका छैनन् । उनीहरूलाई साना र छरिता कारखानाहरू स्थापना गर्नका निम्ति सरकारले ५०% अनुदान दिन आवश्यक छ ।

## ३१. चिया टिप्नेहरूलाई सहुलियत



- चिया उद्यम आफैंमा श्रममुलक उद्योग हो । यसले मुलुकमा ठूलै मात्रामा रोजगारी उपलब्ध गराउन सक्छ ।
- त्यसरी चिया टिपाईमा लाग्ने श्रमिकहरूलाई राज्यले गुणस्तरयुक्त टिपाईका लागि तालिम दिन जरूरी हुन्छ ।
- त्यसरी तालिमप्राप्त श्रमिकहरूले गर्ने टिपाइ गुणस्तरयुक्त हुनसक्छ । त्यसरी गुणस्तरयुक्त टिपाई गर्ने श्रमिकहरूलाई प्रोत्साहन स्वरूप विशेष अनुदान वा पुरस्कारको प्रबन्ध गर्नुपर्छ ।
- यसरी टिपाई गुणस्तरयुक्त बनाउनु पर्छ । ताकि चियाको गुणस्तर स्वतः राम्रो बन्न सकोस् ।

## ३२. चिया श्रमिकहरूको संरक्षण



- कृषि क्षेत्रमा चिया बगानको विकास एउटा श्रममूलक उद्यमको विकास हो । यो उद्यमले नेपाली जनतालाई राम्रो रोजगारी उपलब्ध गराउछ । यतिबेला नेपालमा लाखौंको संख्यामा चिया बगान र चिया कारखाना नेपाली श्रमिकहरू कार्यरत छन् । तर आफै उनीहरुको संरक्षणको सुनिश्चितता भईरहेको छैन ।
- मुलुकका अन्य उद्योगधन्दा भन्दा चिया बगान र चिया कारखानाको काममा केही विशिष्ट भिन्नताहरु पनि छन । त्यसैले सामान्य श्रम ऐनले दिएका हक र

अधिकारहरुले मात्र चिया श्रमिकहरूका सबै समस्याहरूलाई मार्गदर्शन गर्न सक्दैन । त्यसैले चिया श्रमिकहरूका हित, हक र सुविधाका निम्ति श्रमिकहरुको अलग ऐन पनि बनाउन जरूरी हुन्छ । चिया श्रमिकहरूका बारेमा न्यूनतम रूपमा पनि निम्न कामहरू गर्न जरूरी छ ।

१. सबै चिया श्रमिकहरूका निम्ति मासिक पारिश्रमिक सरकारले नै तोकिदिनुपर्छ । सबै बगान मालिकहरु र कारखानाहरूले त्यसलाई दृढतापूर्वक लागू गर्नुपर्छ ।
२. सबै चिया श्रमिकहरूका निम्ति अन्य श्रमिकहरूलाई जस्तै सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ ।
३. सबै चिया श्रमिकहरूका निम्ति संचयकोषको प्रबन्ध पनि गर्नुपर्छ ।
४. आफ्नो घर पायक नभएका सबै चिया श्रमिकहरूका निम्ति उपयुक्त आवासको व्यवस्था समेत हुनुपर्छ ।
५. सबै चिया श्रमिकहरूका निम्ति र उनीहरूका आश्रित परिवारका सदस्यलाई निःशुल्क उपचारको प्रबन्ध गरिनुपर्छ ।
६. सबै आवासीय श्रमिकहरू र उनीहरूका परिवारका निम्ति दैनिक उपभोग्य वस्तुहरुको अभाव नहोस् भनेर उपयुक्त व्यवस्था गर्नुपर्छ ।
७. सबै चिया श्रमिकहरुको भौतिक र मानसिक विकासका निम्ति खेलकुदको प्रबन्ध र आवश्यक मनोरन्जनको प्रबन्ध समेत गर्नुपर्छ ।
८. चिया श्रमिकहरूका निम्ति पनि स्वस्थ्य चियाको व्यवस्था पनि सुनिश्चित गर्नुपर्छ ।
९. सबै चिया श्रमिकहरुका निम्ति बिरामी बिदाको ब्यबस्था, महिला श्रमिकहरुको सुत्केरी विदा र अन्य परि आउने कठिनाईहरूको समधानका निम्ति विशेष व्यवस्था गर्नुपर्छ ।
१०. यसरी चिया श्रमिकका हित, हक र अधिकारको समुचित ढंगले संरक्षण गर्नुपर्छ । तब मात्र उनीहरुको श्रमको सदुपयोग हुन्छ । श्रमिकहरू नै हाम्रो समाजका अग्रगन्य उत्पादक शक्ति हुन । श्रम गर्ने कार्य एउटा सम्मानपूर्ण काम हो भन्ने कुरा समाजले स्थापित गर्नुपर्छ ।
११. त्यसका साथै चिया श्रमिकहरूले विभिन्न कालखण्डमा आफ्ना हित, हक र अधिकारका निम्ति संघर्षहरू गर्दै आएका छन् र उनीहरूसँग सरकार र बगान वा कारखाना मालिकले एक वा अर्को सम्झौताहरु पनि गर्दै आएका छन् । यी सबै सम्झौताहरूलाई हामीले सम्मान गर्नुपर्छ र तिनीहरुलाई चिया श्रमिकहरूको ऐनमा समेत स्थापित गर्नुपर्छ ।

## हामीले तुरुन्त चाल्नु पर्ने कदमहरू

१. सरकारले राष्ट्रिय चिया नीतिलाई अविलम्ब अद्यावधिक गर्नुपर्छ ।
२. चियाको उत्पादन, विकास, विस्तार र यस क्षेत्रमा देखा परिरहेका चुनौती, समस्या, सम्भावना र समाधानका बारेमा केन्द्रीय स्तरबाट एउटा अनुसन्धान आयोग बनाएर अध्ययन गर्नु र गराउनुपर्छ ।
३. चिया विकास निगम लाई पुनः राजकीय क्षेत्रमा ल्याउनुपर्छ, त्यसलाई आधुनिक व्यवस्थापन विधि अनुरूप संचालन गर्नुपर्छ र मुलुकको चिया विकासका लागि एउटा नमूना बगानका रूपमा स्थापित गर्नुपर्छ ।
४. देशका विभिन्न भागमा राज्य र निजि क्षेत्रका उत्पादकहरू मिलेर संयुक्त साझेदारीमा बगान र कारखानाहरू विकास गर्ने नीतिलाई प्रोत्साहन दिनुपर्छ ।
५. सयौं बर्ष अगाडी राणाकालमा स्थापित भएको चिया कारखाना, त्यसका मिसिनहरु र भवनहरु सबै नै हाम्रा प्राचिन सम्पदाका रुपमा रहेका छन । ति कुराहरुलाई संरक्षण गर्ने र नेपाली चियाको इतिहासलाई संरक्षण गर्न इलाममा चिया म्यूजियम खडा गरिनुपर्छ ।
६. चिया रोपण र बगानलाई विस्तार गर्दै बढीभन्दा बढी किसानहरूलाई चिया रोपण व्यवसायमा संलग्न हुन प्रेरित गर्नुपर्छ ।
७. सबै चिया उत्पादकहरूलाई र विशेष गरेर साना चिया उत्पादकहरू र साना चिया बगानहरूलाई सहुलियत दिने हिसाबले चियाको न्यूनतम समर्थन मूल्य तोकिनुपर्छ ।
८. विभिन्न ठाउँमा कारखाना मात्र स्थापना गरेर चिया प्रशोधनमा लागेका उद्यमीहरूलाई पनि उनीहरूका कारखाना सम्बन्धी समस्या समाधान गर्न सघाउनुपर्छ । साथ साथै उनीहरूलाई पनि सम्बन्धित पालिकाहरूले वा संघीय सरकारले चियाको न्यूनतम समर्थन मूल्य दिन र दिलाउन ठोस निर्देशन दिनुपर्छ ।
९. नेपाली ब्राण्डको चियाका लागि अन्तर्राष्ट्रिय बजारको सुनिश्चितता गर्नुपर्छ । हामीले चियाको कलरलाई पनि बिबिधिकरण गर्नुपर्छ । त्यसका लागि राज्यले सक्रिय भूमिका खेल्नुपर्छ । सबभन्दा लाभकारी बजारमा नेपाली चिया बेच्ने प्रबन्ध मिलाउनुपर्छ ।
१०. नेपालमा अबिलम्ब चिया अक्सन् केन्द्र खोल्नुपर्छ । त्यसका लागि सरकारले अविलम्ब पहल गर्नुपर्छ र नेपाली चिया उत्पादक र बिक्रेताहरूका लागि सहज परिस्थिति निर्माण गर्नुपर्छ ।
११. चिया र चिया बगानहरुको स्वास्थ्यलाई दिगो र असल बनाइराख्न राम्रो स्याहारसम्भार, सिँचाइको प्रबन्ध र बिषादी मुक्त मलको व्यवस्था अविलम्ब गरिनुपर्छ । १२ चिया परिक्षण केन्द्र स्थापना गर्ने प्रस्तावलाई सरकारले उच्च

प्राथमिकता दिनुपर्छ र त्यसको दिगो विकासको प्रबन्ध गर्नुपर्छ ।

१३. चियाका नेपाली प्रजातीहरू विकास गर्न हाम्रो अनुसन्धान कार्यलाई तुरून्त अघि बढाउनुपर्छ र नेपाली प्रजातीको चियाका बोटहरू मुलुकभरि नै फैलाउनु पर्छ ।

१४. चियाको बिकास, विस्तार र यसलाई दिगो जगमा उभ्याउनका निम्ति चिया बिकास बोर्ड अलग रूपमा स्थापना गर्नुपर्छ । त्यसरी नै कफिको विकास पनि भइरहेको छ । बाभकत विकासका निम्ति अलग बोर्डको स्थापना गर्नुपर्छ । १५. त्यसरी नै चिया बिकास बोर्डलाई विज्ञहरू र पर्याप्त बजेट उपलब्ध गराएर त्यसलाई चियाको विकास, विस्तार, बजारीकरण, अध्ययन र अनुसन्धान समेत गर्ने गरी संस्थागत गरिनुपर्छ ।

१६. देशभरका साना, मझौला चिया उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न उनीहरूलाई विशेष सहुलियतकी व्यवस्था गर्नुपर्छ । उनीहरूलाई समर्थन मूल्य तोकिदिने बजारको सुनिश्चितता गरिदिने र उनीहरूलाई व्यक्तिगत वा सहकारी मार्फत कारखाना खोल्न विशेष सहुलियत दिने व्यवस्था गर्नुपर्छ ।

१७. नेपालमा क्रियाशील चिया उद्योगहरूलाई सहुलियत दरमा गुणस्तरीय विद्युत उपलब्ध गराएर चियाको उत्पादन लागत कम गराई चियालाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सकिन्छ र बनाउनुपर्छ

१८. नेपाली चिया उत्पादक र विक्रेताहरूको हितका लागि चियाको गुणस्तर मापन गर्ने Senetary and Phytosenetary (SPS) सेवा उपलब्ध हुने गरी प्रयोगशाला अविलम्ब स्थापना गर्नुपर्छ ।

१९. हामीले भन्सार नाकाहरूमा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमका प्रयोगशालाहरुको सुविधा विकास गर्नुपर्छ । तब मात्र चिया निर्यात प्रक्रिया सहज हुनसक्छ ।

२०. नेपालमा विकास गर्दै गईरहेका चिया बगानहरूको स्तर उन्नत बनाउन स्वयं बगानहरूलाई नै धितो राखी कर्जा लिन सक्ने प्रबन्ध सरकारले गर्न जरूरी छ ।

२१. नेपाली चिया निर्यात गरे बापत हाल नेपाल सरकारले उपलब्ध गराउँदै आएको ५% नगद प्रोत्साहनलाई १०% बनाउनुपर्छ । त्यसले हाम्रो चियालाई अन्तर्राष्ट्रिय बजारमा बढी प्रतिस्पर्धी बनाउन सक्छ । जबकि हामीले स्टिल, सिमेन्ट जस्ता वस्तुहरूमा ८% प्रोत्साहन दिने गरेकै छौं । अन्त्यमा, चिया जस्तो महत्वपूर्ण पेयपदार्थ र नगदेबालीको विकास, विस्तार र सुदृढीकरणका निम्ति अविलम्ब कदम चाल्न सरकारलाई ठोस निर्देशन दिन सभामुख महोदयलाई समेत हार्दिक आग्रह गर्दछु ।

Regd. No. :1119

**SURYODAYA TEA PRODUCERS ASSOCIATION**

**(सूर्योदय टि प्रोड्यूसर्स प्रशोसिएसन)**

**Suryodaya Municipality Ilam**

Ref. No.:०३/०७९/०८० Ph. 027540300, 9852680073 Estd.: 2075 email: stpa2076@gmail.com

३) यस क्षेत्रमा लगभग ९५% किशानहरू चियामा निर्भर रहेकोले नेपालको कृषी उत्पादनमा चिया खेतीलाई समेत समावेश गरि मुख्य उत्पादन हुने समयमा मलखादको आयातमा सहजिकरण गरि चिया किशानहरूलाई चिया क्षेत्रमा अभिप्रेरित गर्न चिया किशानलाई धान, गहुँ उत्पादक कृषकसरह सहुलियतको मलखाद तथा सहुलियत कर्जा उपलब्ध हुने वातावरण बनाई इलाम जिल्ला तथा नेपाललाई अझ सुन्दर, कृषी पर्यटकिय देश बनाउन सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष बिनम्र अनुरोध गर्दछौं ।

४) चिया सम्बन्धि छुटै निती तय गरि चिया क्षेत्रमा सम्लग्न चिया किशानहरू र चिया उद्योगीहरूलाई यस क्षेत्रमा टिकाई राख्न स्थानिय प्रदेश र केन्द्र सरकारको तर्फबाट बजेट व्यवस्था गरिदिनुहुन सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष बिनम्र अनुरोध गर्दछौं ।

५) विद्युत आत्मनिर्भर हुँदै गईरहेको नेपाल पछिल्लो समयमा विद्युत निर्यात गर्दै आएको छ । चिया व्यवसायमा विद्युत अनुदान, सहज, निरन्तरता र अवरोध विहिन आपूर्ति गर्न सके विद्युतिय उपकरणहरूको प्रयोग गरि विभिन्न निर्यातित ईन्धन खपत कम गर्न, वातावरण प्रदुषण काम गर्न तथा बढदै गईरहेको जनशक्तिको कमिलाई पूर्ति गर्न मद्दत हुने व्यहोरा समेत सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष बिनम्र अनुरोध गर्दछौं ।

६) विद्यमान अवस्थामा स्वास्थ सम्बन्धि धेरै मानिसहरू जागृत हुँदै आएको र धेरै जसो मुलुकहरूमा विषादीको प्रयोग कडा रूपले निषेध भईरहेको सर्वैमाझ जानकारी भएकै कुरा हो । नेपालवाट उत्पादित चियाको दिगो भविष्य विषादी रहित उत्पादन गर्नमा नै छ तसर्थ नेपाल सरकारवाट चिया कृषकको लागि विशेष निति नियम बनाइ जनचेतना मुलक कार्यक्रमको आयोजना गर्दै दिगो रूपमा विषादीमुक्त चिया उत्पादन गर्न कृषकहरूको हौशला बढाउने विभिन्न अनुदानहरूको व्यवस्था नेपाल सरकारको विशेष बजेट मार्फत सम्बोदन गराइदिनुहुन सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष विनम्र अनुरोध गर्दछौं ।

७) नेपाली चियाको प्रमुख बजार भारत मात्र रहेकोले समय समयमा विभिन्न समस्याहरू उत्पन्न हुँदै गईरहेको नेपाली चियाको भविष्य प्रति प्रश्न उठ्दै आइरहेको छ । दिगो रूपमा नेपाली चिया बजारको लागि भारत बाहेक ठूलो परिमाणमा खपत हुँने तेस्रो मुलुक जस्तै टर्की, इरान, रसिया, चिन, पाकिस्तान आदि देशहरू विकल्पमा रहेको हुँदा नेपाल सरकारवाट G to G ब्यापार सम्भावनाको अध्ययन गरि निर्यात गर्न सके समय समयमा उत्पन्न हुने चिया सम्बन्धित समस्याहरू दिर्घकालिन रूपमा समाधान हुने व्यहोरा समेत सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष बिनम्र अनुरोध गर्दछौं ।

८) वैदेशिक मुद्रा आर्जनको माध्यमबाट बढ्दो व्यापार घाटालाई अझ कम गर्न भारत लगायत तेस्रो मुलुकमा निर्यात हुदै आएको नेपाली चियालाई प्रोत्साहन गर्न नेपाल सरकारले दिदै आएको निर्यातमा आधारित ५% अनुदानलाई वृद्धि गरि १२% पुयाई निर्यात प्रज्ञापनको आधारमा वैदेशिक मुद्रा प्राप्त हुने बैंकबाट व्यवसायीलाई उक्त रकम सहज रूपमा उपलब्ध हुने वातावरण मिलाई दिनुहुन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष विनम्र अनुरोध गर्दछौं ।

............................

अध्यक्ष

सूर्योदय टि प्रोड्यूसर्स एशोसिएसन

सूर्योदय नगरपालिका-१०, फिक्कल, इलाम






Image Sourse: https://www.google.com/


Image Sourse: https://www.google.com/


Image Sourse: https://www.google.com/


Image Sourse: https://www.google.com/

## लेखक परिचय



| | |
|---|---|
| नामथर | : झलनाथ खनाल |
| जन्मस्थान | : साखेजुङ -४ इलाम |
| जन्म मिति | : ६ चैत २००६ (२० मार्च १९५०) |
| माता/पिता | : मधुमाता/पुङ्गनाथ खनाल |
| श्रीमती/छोरा | : रबि लक्ष्मी चित्रकार/निर्भिक चित्रकार खनाल |
| औपचारिक शिक्षा | : स्नातक (राजनीतिशास्त्र र इतिहास शास्त्र) त्रिविवि |
| हालको जिम्मेवारी | : सम्मानित नेता तथा विदेश विभाग प्रमुख नेकपा (एकीकृत समाजवादी) पूर्व प्रधानमन्त्री एवं प्रतिनिधि सभा सदस्य, इलाम-१ |



**प्रकाशकः** सूर्योदय नगरपालिका-१०, फिक्कल, इलाम